नेपाल टेलिकम
कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन
निर्वाचन अधिकृतको कार्यालय

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
# निर्वाचन अधिकृतको कार्यालय
# कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन - २०८१

## (आ) मतगणना गर्ने तरिका:

(१) मतदानको लागि तोकिएको समय (विहान ९ बजेदेखि साँझ ४ बजेसम्म) समाप्त भएपछि मात्र मतगणनाको कार्य शुरू गर्नु पर्नेछ ।

(२) मतदानको समय समाप्त भएपछि तोकिएको मतगणना केन्द्रमा सबै मतपेटिका संकलन गरी निर्वाचन अधिकृतले वा निजले तोकेको अधिकारीले उम्मेदवार वा निजको वारेस/प्रतिनिधिको रोहवरमा मतपेटिकाहरुमा लागेको सिल खोली अनुसूची - १३ बमोजिमको ढाँचामा मुचुल्का तयार गरी मतगणना कार्य प्रारम्भ गर्नु पर्नेछ ।

(३) मतगणना हुने कोठामा निर्वाचन अधिकृत, निजले तोकेको कर्मचारी, उम्मेदवार वा निजको वारेस (प्रतिनिधि) वाहेक अन्यलाई प्रवेश गर्न दिईने छैन ।

(४) मतगणना सम्बन्धी कार्यमा उठाइएको मुचुल्काहरुमा उम्मेदवार वा वारेसको दस्तखत हुन नसकेमा कारण खुलाई निर्वाचन अधिकृत वा निजले तोकेको अधिकारीको मात्र दस्तखत भए पुग्नेछ ।

(५) मतपेटिका खोली मतपत्र खन्याई रित्तो मतपेटिका उम्मेदवार वा वारेसलाई देखाई बन्द गर्नु पर्नेछ ।

(६) प्रत्येक उम्मेदवारले पाएको सदर मतको गणना अनुसूची - १४ को ढाँचामा गर्नु पर्नेछ ।

(७) मतगणना गर्दा निम्न लिखित मतपत्रहरु बदर हुने भएकाले त्यस्ता मतपत्रहरु छुट्टै राख्नु पर्नेछ ।

(क) निर्वाचन अधिकृतको सही र कम्पनीको छाप नभएको तथा सहायक निर्वाचन अधिकृत/मतदान अधिकृत मध्ये एक जनाको सही नभएको,

(ख) मत संकेत गरेको मतपत्र च्यातिएमा, प्वाल पारेमा वा केरमेट भएमा,

(ग) मतदान नगर्ने भनी निर्वाचन अधिकृत/सहायक निर्वाचन अधिकृत लाई फिर्ता दिइएको मतपत्र,

(घ) मतपत्र जाली/फर्जी भएमा,

(ङ) मत संकेत (स्वस्तिक छाप 卐 ) बाहेक अन्य संकेत वा उल्टो स्वस्तिक छाप भएमा,

(च) मतपत्रमा एक भन्दा बढि उम्मेदवारको नामको पछाडीको कोष्ठमा स्वस्तिक छाप लगाएको वा अन्य संकेत गरेको मत्रपत्र बदर हुनेछ ।

निर्झर भट्टराई
निर्वाचन अधिकृत

नेपाल टेलिकम
कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन
निर्वाचन अधिकृतको कार्यालय

(८) मतपत्रमा उल्लेखित कुनै एउटा उम्मेदवारको नाम लेखेको कोठा तथा मत संकेत गर्ने भनि लेखिएको कोठा भित्र मात्र स्वस्तिक चिन्हको छाप लागेको मतपत्र सदर हुनेछ । साथै, उम्मेदवारको नाम र बिचमा पर्ने ठाउँ (भर्टिकल) धर्कोमा स्वस्तिक छापले छोएको मतपत्र समेत सदर हुनेछ ।

(९) मतपत्रमा मत संकेत(स्वस्तिक छाप卐)को वाहिरी गोलो घेराले मत संकेत गर्ने कोठाको तलमाथिको तेर्सो धर्का र दायाँ तर्फको भर्टिकल धर्कामा छोएमा वा नाघेमा सो मत सदर हुनेछ तर गोलो घेरा भित्रको स्वस्तिकले उक्त धर्काहरुमा छोएमा मत वदर हुनेछ ।

(१०) मतपत्र पट्याउँदा लागेको छापको हकमा सुल्टो छापलाई मान्यता दिईनेछ ।

(११) आफूलाई चिनाउने उदेश्यले मतपत्रमा कुनै चिन्ह / संकेतको प्रयोग गरेमा सो मतपत्र बदर हुनेछ ।

(१२) स्वस्तिक छापको घेराभित्रको स्वस्तिक चिन्हको आंशिक भाग देखिने गरी आंशिक स्वस्तिक छाप लागेको मतपत्र सदर हुनेछ । उम्मेदवारको नाम लेखेको कोठा र स्वस्तिक छाप लगाउने प्रयोजनार्थ तोकिएको स्थानमा गरी जम्मा २ वटा भन्दा बढी स्वस्तिक छाप लागेमा बदर हुनेछ ।

(१३) मत नदिने उद्देश्यले सहायक निर्वाचन अधिकृत र मतदान अधिकृतलाई मतपत्र फिर्ता गरिएमा वा लुकाई छिपाई लगेमा वा मतपेटिका बाहिर छोडी गएमा बदर हुनेछ ।

(१४) सञ्चालक समितिमा कर्मचारी प्रतिनिधि छनौट सम्बन्धी कार्यबिधि, २०७४ (संशोधन सहित) एवं यस "**मतगणना गर्ने तरिका**" मा उल्लेखित बुंदाहरुको परिधि भित्र रही निर्वाचन अधिकृत / सहायक निर्वाचन अधिकृत र मतगणना संयोजकले उम्मेदवारको प्रतिनिधिहरुसँग सहमति गरी मतगणना गर्नु पर्नेछ ।

(१५) मतगणनाको काम लगातार जारी राख्नु पर्नेछ । उक्त काममा बाधा विरोध पुऱ्याउने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले मतगणना स्थलबाट बाहिर निकाल्न सक्नेछ । कुनै कारणबस मतगणनाको काम लगातार जारी राख्न नसकिने भई बिचैमा रोक्नु परेमा निर्वाचन अधिकृतले मतगणना गरी सकेको मतपत्रहरु, मतगणना अभिलेखहरु, मतगणना गर्न बाँकी रहेका मतपत्रहरु र मतगणना गर्न बाँकी मतपेटिकाहरुको लगत समेत तयार गरी अलग अलग खाममा राखी उम्मेदवार/प्रतिनिधिको रोहबरमा लाहाछाप समेत लगाई बन्द गर्नु पर्नेछ । उक्त रोकिएको मतगणना कार्य यथासम्भव छिटो पुनः प्रारम्भ गर्नु पर्नेछ ।

(१६) उम्मेदवारले बराबर मत पाई निर्वाचित हुन नसक्ने स्थिति आएमा गोलाप्रथाबाट निर्णय गर्नु पर्नेछ । गोलाप्रथाबाट निर्वाचित उम्मेदबार बहुमतद्वारा निर्वाचित भए सरह मानिनेछ ।

(१७) माथि उल्लिखित अवस्था बाहेक अन्य अवस्थामा कुनै मत सदर हो वा वदर हो भन्ने बारेमा विवाद भएमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

निर्झर भट्टराई
निर्वाचन अधिकृत